प्रदेश सरकार
प्रदेश न. ५
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
(योजना तथा कार्यक्रम शाखा)
बुटवल, नेपाल

प.सं.- २०७६/०७७
च. न.

फोन न ०७१ ४४५५५८/६०
मिति : २०७७/०४/१६

मिति : २०७७/०४/१६

## विषय : नमुना विद्यालयको लागि प्रस्ताव पेश गर्ने सुचना ।

प्रस्तुत विषयमा आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार प्रदेश न. ५ अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये प्रत्येक जिल्लामा कम्तीमा एक नमुना विद्यालय सञ्चालन गर्ने कार्यक्रम रहेकोले तपशिलमा उल्लेख भएका नमुना विद्यालय छनौटका न्युनतम शर्तहरु पुरा भएका विद्यालयहरुले कार्यक्रमको विस्तृत विवरण र कार्यान्वयन योजना निर्माण गरि व्यवस्थापन समितिको निर्णय सहित यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा विद्यालय विकास प्रस्ताव सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाइ जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा सबैलाइ जानकारी गराइन्छ ।

शर्तहरु

१. माध्यमिक विद्यालय सञ्चालन भएको सामुदायिक विद्यालय हुनुपर्ने छ ।
२. नमुना विद्यालयको रुपमा विकास गर्न प्रचलित मापदण्ड बमोजिमको भौतिक र शैक्षिक पुर्वाधार निर्माणको लागि विद्यालय हाता वा हाता नजिक आफ्नो स्वामित्वको तराइमा भए न्युनतम १ विगाहा हिमाल तथा पहाडमा भए न्युनतम ६ रोपनी हुनुपर्नेछ ।
३. विद्यालयको हातासगँ जोडिएको जग्गा बाहेक अन्य जग्गाको हकमा बढीमा ५०० मिटरसम्मको दुरीको जग्गालाइ मात्र मुल्यौकनमा कायम गरिनेछ ।
४. विद्यालयको भौगोलिक अवस्थिति नेपाल सरकारवाट स्वीकृत बस्ति विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२ ले निर्धारण गरे बमोजिम प्राकृतिक प्रकोप बाढी पहिरो भुक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टीले जोखिमपुर्ण नरहेको हुनुपर्ने छ ।
५. विद्यालयमा कक्षा १ देखि १० सम्म कम्तिमा हिमालमा २५० पहाडमा ४५० र तराइमा ८०० जना विद्यार्थी हुनुपर्नेछ ।
६. अन्य शर्तहरु: नमुना विद्यालयको छनौटमा सहभागी हुन चाहने विद्यालयहरुले माथि उल्लेखित शर्तहरुका अतिरिक्त देहाय बमोजिमका शर्तहरु समेत पुरा गरेको हुनुपर्नेछ
    - विद्यालय व्यवस्थापन समिति गठन भइ क्रियाशील रहेको
    - विद्यालयले सामाजिक परीक्षण र लेखा परीक्षण वार्षिक रुपमा तोकिएकै समयमा सम्पन्न गरेको
    - तोकिएको समयमा विद्यालयको तथ्याङ्क सम्बन्धित निकायमा पेश गरेको
७. नमुना माध्यमिक विद्यालय छनौटका लागि दिइने आवेदन र विद्यालय विकास प्रस्तावको ढाँचा यस निर्देशनालयको website: eddmos.p5.gov.np वाट डाउनलोड गर्न सकिनेछ ।
८. नमुना विद्यालयको प्रस्ताव साथ सम्बन्धित स्थानिय तहको कुल लागत रकमको कम्तीमा २० प्रतिशत रकम व्यहोर्ने प्रतिवद्धताका साथ सिफारिस पत्र सलग्न गर्नुपर्नेछ ।
९. सम्बन्धित स्थानीय तहले सुचनामा उल्लेखित शर्तहरु पुरा गरेको एउटा मात्र विद्यालयलाइ सिफारिस गर्नुपर्नेछ ।
१०. संघीय सरकारद्वारा नमुना विद्यालयको रुपमा छनौट भएका विद्यालयहरु र गत आ व मा यस निर्देशनालयबाट नमुना विद्यालयको रुपमा छनौट भएका स्थानीय तहका विद्यालयहरु यसमा समावेश गरिनेछैन । यस सम्वन्धी थप कुरा बुझ्नु परेमा निर्देशनालयको फोन न ०७१ ४४५५६० मा सम्पर्क गर्न सकिनेछ ।

२०७७/०४/१६
नि. निर्देशक